वा:पौ (साप्ताहिक)

# नगर सन्देश

कीर्तिपुर नगरपालिकाको बुलेटिन

वर्ष १ ● अंक ५ ● ने.सं. ११४० थिंलागा पञ्चमी ● वि.सं. २०७६ मंसिर ३० गते, सोमबार ● 2019 December 16 Monday ● पृष्ठ ८

# उपत्यका नगरपालिका फोरमद्वारा उपत्यका विकास प्राधिकरण खारेजीको माग




उपत्यका नगरपालिका फोरमले उपत्यका विकास प्राधिकरण खारेजीको माग गरेका छन्। फोरमको मंसिर २३ गते भक्तपुरमा बसेको बैठकले प्राधिकरण खारेज गर्न माग गर्ने निर्णय गरेको हो। उपत्यकाका १८ वटा नगरपालिकाका मेयर र उपमेयरहरू सम्मिलित फोरमको बैठकमा कीर्तिपुर नगरपालिकाका उपमेयर सरस्वती खड्का सहभागी हुनु भएको थियो। बैठक पश्चात भएको पत्रकार सम्मेलनमा उपत्यका नगरपालिका फोरमका सचिव तथा मध्यपुर नगरपालिकाका मेयर मदन सुन्दर श्रेष्ठले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ सँग बाझिएकोले विकास प्राधिकरण ऐनको औचित्य नरहेकोले खारेज गर्नु पर्ने बताउनु भएको थियो।

तात्कालीन राष्ट्रिय पञ्चायतको सल्लाहबमोजिम बि.स.२०४५ मा बनेको उपत्यका विकास प्राधिकरण हाल स्थानीय स्वायत्त शासन ऐन लागु भएपछि उक्त ऐनको परिच्छेद ३ अनुसार नगर परिषदको काम, कर्तब्य, अधिकार र समितिले स्थानीय क्षेत्रको पूर्वाधार र संरचना विकास समिति बनाउन सक्ने र सोही ऐनको दफा ९४ को उपदफा ३ को प्रयोजनको लागि नगर परिषदले कुनै एक सदस्यको अध्यक्षतामा तीन सदस्यीय विषयगत समितिसमेत बनाउन सक्ने उल्लेख भएकोले उपत्यका विकास प्राधिकरण अहिले सान्दर्भिक नभएको भन्दै खारेजीको माग गर्नु भएको हो।

बैकठका निर्णयहरू सार्वजनिक गर्दै पत्रकार सम्मेलनमा फोरमका मेयर र उपमेयरहरूले राष्ट्रपति विद्यादेवी भण्डारीसँग भेटवार्ता गर्ने, नेपाल सरकारले घोषणा गरेको नेपाल भ्रमण वर्ष २०२० लाई लक्षित गरी अक्टोबर २० र २१ मा अन्तर्राष्ट्रिय मेयर सम्मेलन गर्ने, छिमेकी र चर्चित शहरका मेयरहरू र उपत्यकाका नगरपालिकासँग भगिनी सम्बन्ध जोडिएका शहरका मेयरहरूको विशेष उपस्थिति गराउने, अन्तर नगरपालिका समन्वय गरेर फोहरमैला व्यवस्थापनमा ठोस पहल गर्ने र आ-आफ्नो नगरपालिकामा साइकल लेन बनाउने बताएका थिए। फोरमको सचिवालय काठमाडौं महानगरपालिकामा स्थापना गर्ने र स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारबीचको समन्वय गरी विकास निर्माणका कार्यलाई तिब्रता दिने निर्णय भएको बताउनु भएको थियो।

## सम्पादकीय

# नगरपालिकाद्वारा जनता सुसूचित

कीर्तिपुर नगरपालिकाले नगरभित्र गरिरहेका कार्यहरूको पारदर्शीढङ्गले कामहरू गरिरहेको अवस्थामा गत महिनादेखि जनतालाई सो कुराको जानकारी गराउन आफ्नो मुखपत्रको रुपमा "नगर सन्देश" साप्ताहिक प्रकाशित गरेका छौं। नगर क्षेत्रमा भए गरेका विभिन्न कामहरूको बारेमा जनतालाई सूसुचित गराउने उद्देश्यले यो पत्रिकाको शुरुवाट भएको हो।

नगरभित्र भइरहेका विकास निर्माणका कार्यहबरु विभिन्न योजनाहरू र त्यसको कार्यान्वयनहरूको बारेमा यस पत्रिकामा प्रकाशित भएसँगै जनमानसमा यथार्थ जानकारी भएको महशुस गरेका छौं। कीर्तिपुर नगरपालिकाका मेयर, उपमेयर, ईन्जिनियरहरूका साथै आधिकारीक ब्यक्तिहरूले समेत नियमित रुपमा स्थलगत निरिक्षणहरू गरिरहेको कुरा पनि यसै पत्रिका मार्फत जानकारी गराइरहेका छौं।

यस पत्रिकाको मूल उद्देश्य नगरभित्रका कामहरू र नगरपालिकाका कामहरूको बारेमा जनतामा यथार्थ जानकारी गराउनु हो। यस पत्रिका नगरका सबै घरघरमा पुऱ्याउने योजनाले काम अगाडि पनि बढिरहेको छ। यी कुराहरूलाई मनन्गरी समयमै कमि कमजोरहरूलाई औंल्याई नगरपालिकाको काममा सहयोग गरिदिनुहुन सम्पूर्ण नगरबासीमा हार्दिक अनुरोध गर्दछु।

# ९ नं. वडाको धुंगःचामा उपमेयरद्वारा स्थलगत निरीक्षण



कीर्तिपुर नगरपालिका वडा नं. ९ को धुंगःचा (नगरमण्डप श्रीकीर्ति विहार मुनि) को बाटो विस्तारको कीर्तिपुर नगरपालिकाका उपमेयर सरस्वती खड्काले स्थलगत निरीक्षण गर्नुभयो। नयाँबजारको बैकल्पिक बाटोको रूपमा रहेको उक्त सडक नयाँबजारबाट भाजंगल हुँदै पांगा जोड्ने सडक हो।

रत्न महर्जन अध्यक्ष रहेको किपू धुंगःचा उपभोक्ता समिति मार्फत उक्त बाटो विस्तारको कामहरू भइरहेको हो। चालु आर्थिक वर्षको रु. ५० लाख बजेटमा काम भइरहेको उक्त सडकको न्यूनतम ६ मिटर चौडा गरी करीव ३०० मिटरको बाटो विस्तार भइरहेको हो। उक्त सडकमा ढल निकाससँगै हाललाई ग्राबिल गर्ने योजना रहेको छ।

# उद्घोषण तालिम सम्पन्न

कीर्तिपुर नगरपालिका वडा नं. २ को आयोजना र इनर ह्वील क्लब अफ कीर्तिपुरको सहयोगमा सञ्चालन भइरहेको दुईहप्ते उद्घोषण तालिम सम्पन्न भएको छ। मंसिर २६ गते भएको समापन समारोहमा प्रमुख अतिथि कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले तालिममा सहभागीहरूलाई प्रमाण पत्र वितरण गर्नुभएको थियो।

इनर ह्वील क्लब अफ कीर्तिपुरका अध्यक्ष राज्यलक्ष्मी वैदारको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा पुजा गौतमले स्वागत मन्तब्य दिनुभएको थियो। प्रशिक्षार्थी प्रमिला घिमिरेले तालिमको बारेमा प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। कार्यक्रमको उद्देश्यको बारेमा शकुन्तला थापाले र प्रशिक्षक शंकर प्रधान सौर्यले आफ्नो मन्तव्य राख्नुभएको थियो। उक्त तालिममा उद्घोषणसँगसँगै ब्यक्तित्व विकास र प्रस्तावना लेखनको तालिम पनि सञ्चालन भएको थियो।

कीर्तिपुर नगरपालिकाका उपमेयर सरस्वती खड्का विशेष अतिथिको रुपमा आउनुभएको सो कार्यक्रममा कीर्तिपुर नगरपालिका वडा नं. १ का अध्यक्ष हर्ष महर्जन, वडा नं. २ का अध्यक्ष रमेशमान डंगोल र वडा नं. ३ का अध्यक्ष राजेन्द्र महर्जन अतिथिको रूपमा सहभागी हुनु भएको थियो।

मंसिर १२ गते देखि शुरुभएको उक्त तालिमको समापन समारोह सहनशीला मानन्धर र लक्ष्मी अर्यालले सञ्चालन गर्नुभएको थियो।

# लैंगिक हिंसा विरुद्ध प्रशिक्षण कार्यक्रम सम्पन्न




लैंगिक हिंसाविरुद्धको १६ दिने अभियानको क्रममा लैंगिक हिंसा विरुद्ध एक दिने प्रशिक्षण कार्यक्रम सञ्चालन गरेको छ। नेपाल कम्यूनिष्ट पार्टी कीर्तिपुर नगर कमिटी, लैंगिक हिंसा विरुद्ध अभियान समितिको आयोजनमा मंसिर २३ गते सोमवार सम्पन्न उक्त कार्यक्रमका प्रमुख अतिथि नेकपा ३ नं. प्रदेश कमिटिका ईन्चार्ज अष्टलक्ष्मी शाक्य हुनुहुन्थ्यो। साथै कार्यक्रममा नेकपाका केन्द्रीय सदस्यहरू सुरेन्द्र मानन्धर, दिलिप महर्जन, कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जन, उपमेयर सरस्वती खड्का, कीर्तिपुर नगरपालिकाका पूर्वमेयर हिराकाजी महर्जन, नेकपा कीर्तिपुर नगरका अध्यक्ष विकास महर्जन, नेकपा काठमाडौं जिल्ला कमिटीका सदस्य विन्दु महर्जन, दयालक्ष्मी महर्जन, शम्भुराम महर्जन लगायतका नेताहरूको उक्त कार्यक्रममा उपस्थिति थियो।

नेपालको राष्ट्रिय गान बजाई शुरु भएको कार्यक्रममा प्रमुख अतिथि अष्टलक्ष्मी शाक्यले हिंसा भनेको जतातत‍ै पनि भइरहेका छन्। विश्वका विकसित देश अमेरिका, यूरोपमा पनि हिंसा भइरहेको उल्लेख गर्नुहुँदै यसलाई न्यूनीकरण गर्न विश्वव्यापी अभियान सञ्चालन गर्नुपर्नेमा जोड दिनु भयो। महिला हिंसा भनेको राजनीतिक पृष्ठभूमिबाट भएको उल्लेख गर्नुहुँदै डोमिनिकन गणतन्त्र भन्ने एक निरंकुश देशमा तीनजना दिदीबहिनीहरू निरंकुश सरकारका विरुद्धमा आन्दोलनमा होमिएपछि निरंकुश शासकले निर्ममतापूर्वक एकै ठाउँमा हत्या गरेको घटना विश्वमा फैलिएको थियो र पछि त्यहाँ गणतन्त्र आएपछि संयुक्त राष्ट्र संघको १४ औं साधारण सभाले यो राजनैतिक हिंसा मात्र नभई सिङ्गो देशकै हिंसामा जोड्नु पर्छ भनी नोभेम्बर २५ देखि डिसेम्बर १०सम्म १६ दिने हिंसा विरुद्धको अभियान सञ्चालन गर्ने निर्णय भएसँगै विभिन्न कार्यक्रमहरू भइरहेको बताउनु भयो। कार्यक्रममा कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले पनि आफ्नो मन्तब्य राख्नुभएको थियो।

नेकपाका केन्द्रीय सदस्य अधिवक्ता सुरेन्द्र मानन्धर, लिसा महर्जन र उषा मल्ल उपाध्यायले प्रशिक्षण दिनुभएको कार्यक्रममा कल्पना सुनारले स्वागत मन्तब्य दिनुभएको थियो। आयोजक कमिटीका संयोजक सुनिता नकर्मीको सभापतित्वमा भएको उक्त कार्यक्रम संगीता उप्रेती श्रेष्ठले सञ्चालन गर्नुभएको थियो।

## कीर्तिपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
# बोलपत्र रद्द गरिएको सूचना

**प्रकाशित मिति : २०७६/०८/२६**

यस कीर्तिपुर नगरपालिकाबाट मिति २०७६/०६/०८ गते प्रकाशित ठेक्का नं. KRM – 7/076/077 को Finishing and miscellaneous works of Municipal Building योजना संचालका लागि आह्वान गरिएको बोलपत्र मिति २०७६/०८/०६ गतेको नगर प्रमुख स्तरीय निर्णय अनुसार योजनाको बोलपत्र रद्द गरिएको बेहोरा सम्वन्धित सबैमा जारकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

# १६ क्वःगु राष्ट्रिय ज्यापु दिवस तःजिक हन




ज्यापु संस्कृति विकास कोषया ग्वसालय् दँयदसं न्यायेकाच्वंगु ज्यापु दिवस थुगुसी १६ क्वःगु राष्ट्रिय ज्यापु दिवस तःजिक क्वचाःगु दु। मंसिर २६ गते यःमरी पुन्हीखुन्हु यैंया बसन्तपुलिई जूगु ज्याभ्वलय् थीथी सिरपा व सम्मान नं लःल्हाःगु खः। ज्याभ्वलय् मू पाहाँ प्रधानमन्त्रीया प्रतिनिधिकथं उपप्रधानमन्त्री व रक्षा मन्त्री ईश्वर पोखरेल झायादीगु खःसा यैं महानगरपालिकाया मेयर विद्यासुन्दर शाक्य व किपू नगरपालिकाया मेयर रमेश महर्जन पाहाँ कथं झायादीगु खः।

ज्याभ्वः झःझःधायेक हनेया लागि थीथी त्वालं संयोजन याइकथं थगुसी यैं महानगरपालिका २१ वडाया गोफःत्वाः माकःगल्ली, ज्यापु समाजं संयोजन यानादीगु खः। ज्याभ्वः शुरु जुइ न्ह्यः थीथी बाजं सहितं नगरपरिक्रमा याःगु खः।

लुमंकेबहःजू, थुगु ज्यापु दिवसया प्रचार यायेगु भ्वलय् वंगु मंसिर १४ गते साइकल र्‍याली याःगु खःसा उगु र्‍यालीयात कीर्तिपुर नगरपालिकापाखें पांगाय् तःजिक लसकुसयासें नेवाः भ्वय् नकूगु खः।

# किपू नगरपालिकाया ८ नं. वडाय् लालपुर्जा बीगु



थ्यंमथ्यं न्यासःदँ न्ह्यःनिसें स्थायी वसोवास यानाच्वनादीपिं स्वबासी किपू नगरपालिका वडा नं. ८ यू च्वंपिंत आः लालपुर्जा बीगु जूगु दु। स्थानीय सरकारय् जनप्रतिनिधिपिं वयेधुंकाः लालपुर्जा बीकेत मद्दिक कुतः जुयाच्वंगु व याकनं हे भुमीसुधार मन्त्रीया मूपाहाँसुई लालपुर्जा इनेगु ज्या जुईगु रमेश महर्जनजुं कनादीगु दु। बि.सं. २०७४ सालय् जूगु नापिया आधारय् थ्व लालपुर्जा बीगु जूगु खः। नापं सार्वजनिक ६० गू व छेँ ५६६ याना मुक्कं ६२६ लालपुर्जा इनेगु तयारी दुगु वडा अध्यक्ष विनोद महर्जनं जानकारी ब्यूगु दु।

अथेहे थुगु हे वडाया ध्वाकासीनिसें भ्याबुँ टोलतक थ्यंमथ्यं १०० मिटर लँ ढलान जूगु दु। इखुराम महर्जनया नायःसुइ दयेकूगु ध्वाकासी-भ्याबुँ टोल बाटो निर्माण उपभोक्ता समितिया पहलय् थुगु लँ ढलान जूगु खः। वडा स्तरिय ज्याया लागिं वडा पाखें ८ लख बजेत विनियोजन जूगु वडाया अध्यक्ष विनोद महर्जनं जानकारी ब्यूगु दु।

# सूचना ! सूचना !! सूचना !!!

२०७६/०८/२४

प्रस्तुत विषयमा सम्वन्धमा काठमाण्डौ जिल्ला, कीर्तिपुर नगरक्षेत्र भित्र बसोबास गर्ने आम जनसमुदायमा यस कीर्तिपुर नगरपालिका कार्यालयको तर्फबाट भवन निर्माण अनुमतिबिना गैर कानूनी तरिकाले बाटोमा अवरोध पुग्ने गरी पर्खाल, घर टहरा, बार कम्पाउण्ड लगाउने, निर्माण सामाग्री थुपार्ने एवं घर कम्पाउण्डको पानी निकास सार्वजनिक आवागनमा अवरोध हुनेगरी बाटोमा छाड्ने गरेकोले सर्वसाधारण आम नागरिकमा समस्या परेको भन्ने मौखिक तथा लिखित उजुरीहरू पर्न आएकोले यस विषयमा कीर्तिपुर नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ। यसरी नक्सा पास नगरी वा मापदण्ड विपरीत गैरकानूनी तरीकाले भौतिक संरचना निर्माण गर्ने र आवगनमा बाधा पर्ने गरी सडकमा निर्माण सामाग्री राख्ने सरोकारवाला सबैमा यो सूचना जारी भएको मितिबाट ३५ दिन भित्र बाटोको अवरोध अविलम्व हटाउनु हुन तथा कानूनबमोजिम भवन निर्माण अनुमती लिई स्वीकृत मापदण्ड बमोजिम मात्र घर संरचनाहरू निर्माण गर्नहुन अनुरोध गरिन्छ। साथै यो सूचनाको वेवास्ता गरी नहटाएमा नगरपालिका आफैले हटाई सो बापत लाग्ने खर्च “स्थानीय सरकार संचालन ऐन, २०७४”बमोजिम असुल गरिने बेहोरा समेत अनुरोध गरिन्छ।

**ध्रुवराज आचार्य**

*प्रमुख प्रशासकीय अधिकृत*

**कीर्तिपुर नगरपालिका**

# सागया जुडो कासाय् त्याःपिंत पदक बिल



१३ क्वःगु दक्षिण एशियाली खेलकुद् (साग) या जुडो कासाय् त्याःपिंत सिरपा व मेडल ब्यूगु दु। यलया लगनखेलय् च्वंगु आर्मि फिटनेस सेन्टरय् जूगु जुडो कासाय् भारत न्हाप लाःगु खःसा पाकिस्तान ल्यू लाःगु खः। अथेहे नेपाल व बङ्गलादेश लियांल्यू लाःगु खः।

कासाय् त्याःपिंत संघीय सरकारया युवा तथा खेलकुद् मन्त्री जगतबहादुर विश्वकर्मा, यल महानगरपालिकाया मेयर चिरीबाबु महर्जनलिसें किपू नगरपालिकाया मेयर रमेश महर्जनं सिरपाः बियादीगु खः।

## सूचना ! सूचना ! सूचना !

यस कीर्तिपुर नगरपालिकाको लागि कीर्तिपुर नगरपालिका वडा नं ३ स्थित ढल्पा चोकदेखि ढल्पा छुगाँउ, फयूखानगर र वडा नं ४ स्थित सल्यानस्थान क्षेत्रमा जग्गा एकीकरण कार्यालयको लागि ४ वटा गाडीसम्म पार्किङ्ग गर्न मिल्ने एक फ्लायूट कम्तिमा ४ वटा कोठा र शौचालय भएको घर भाडामा आवश्यक भएकोले आगामी पुष ६ गते सम्म नगरपालिकाको कार्यालयमा सम्पर्क गर्नहुनका लागि यो सूचना प्रकाशित गरिएको छ।

**संलग्न गर्नुपर्ने कागजात :**

१) घर निर्माण सम्पन्न प्रमाण पत्र प्रतिलिपि :
२) आ.ब. २०७६/०७७ सम्म कर चुक्ता भएको प्रमाण :
३) जग्गा धनि प्रमाणपूर्जाको प्रतिलिपि :
४) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि :

**कीर्तिपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय,**
*कीर्तिपुर - २, देवढोका।*

## Invitation for Bids
## Government of Nepal (GoN)
## Kirtipur Municipality, Office of the Municipal Executive

Date of publication: 2076/08/24

1. Kirtipur Municipality invites sealed bids or electronic bids from Nepalese eligible bidders under National Competitive Bidding procedures.

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of the Municipal Executive, Kirtipur Municipality, 014332205 or may visit PPMO website www.bolpatra.gov.np/egp.

3. A complete set of Bidding Documents may be purchased from the office of the Municipal Executive, Kirtipur Municipality, Kirtipur, Devdhoka, by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable bid document fee as per below specified.

Or

Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified below) of bidding document in the account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank: Name of the Bank: Krishi Bikas Bank, Kirtipur Name of Office: Kirtipur Municipality, Office of the Municipal Executive Office Account no.: 0211100047277011

4. Pre-bid meeting shall not be held.

5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| SN | IFB No | Descriptions of Work | Estimated Amount (With VAT) | Last Date of Bid Submission | Bid Opening Date and Time | Nonrefundable bid Document Fee | Bid Security amount and Validity period |
|---|---|---|---|---|---|---|---|
| 1 | KRM – 19/076/077 | Bhajangal–Janasewa–Inacho Road Footpath and Improvements. | 1,94,77,653.90 | Date:- 2076/09/24 Time:- 12:00 | Date: 2076/09/24 Time:- 16:00 | NRs. 3,000/- | NRs. 5,00,000/- valid for a period of 120 days after bid opening |
| 2 | KRM – 20/076/077 | Ward no.9, Nagau Dobato to ward no 4, Champa devi (Puspalal park) Road Improvements. | 1,91,09,231.81 | Date:- 2076/09/24 Time:- 12:00 | Date: 2076/09/24 Time:- 16:00 | NRs. 3,000/- | NRs. 5,00,000/- valid for a period of 120 days after bid opening |



कीर्तिपुर नगरपालिका वडा नं. २ स्थित खोनाहिति (नेपालभाषा एकेडेमि) देखि बल्खु खोला करिडोर बल्खु खोला जिरो प्वाइन्ट (घःप्वाःचा) सम्म करीव ५५१ मिटर लामो सडक भर्खरै खोलिएको छ।

*तस्बिर : ज्ञानकुमार महर्जन*

# स्ववासी घरजग्गा दर्ता गर्ने सम्बन्धमा जनप्रतिनिधहरूसँग बैठक

कीर्तिपुर नगरपालिकाभित्रका स्वबासी घर जग्गा दर्ता सम्बन्धी २१ दिने सार्वजनिक सूचना प्रकाशित भएसँगै कीर्तिपुर नगरपालिकाका जनप्रतिनिधिहरूसँग समितिका अध्यक्ष एवं मालपोत कार्यालय कलंकीका प्रमुख मालपोत अधिकृत सहितको टोलीले मंसिर २५ गते कीर्तिपुर नगरपालिकाको कार्यालयमा छलफल गरेको छ।


छलफलका क्रममा जनप्रतिनिधिहरूले २०१९ सालको नापीका आधारमा मात्र स्वबासी दर्ता गर्ने भन्ने राजपत्रमा उल्लेख भएकाले दोहोरो नापी भइसकेको हकमा सोहीबमोजिम तथा वि.सं. २०५९ मा जग्गा दर्ता समस्या समाधान आयोगद्वारा फिल्ड बुकमा नाम उल्लेख गराइसकेको घरजग्गालाई पनि सम्बोधन गर्नु पर्ने प्रति टोलीको ध्यानाकर्षण गरायो।



# ढल निकासमा छलाङ्ग मार्दै

## ३ र ९ नं. वडामा ८५ प्रतिशत काम सम्पन्न





कीर्तिपुर नगरपालिकाको पहल तथा समन्वयमा कीर्तिपुरका विभिन्न ठाउँहरू मध्ये ३ र ९ नं. वडाको बस्ति भित्र र मूल सडकका साथै राजकुलोमा खानेपानी तथा सरसफाई डिभिजन ५ भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश ३ भक्तपुरको प्राविधिक तथा आर्थिक सहयोगमा ढल निकासका कामहरू भैरहेका छन् । जम्मा ३८ करोडको परियोजना मध्ये यस दुईवटा वडामा करीव ३ करोड पचास लाख बजेटको कामहरू भैरहेका छन् ।

शंकर कार्की अध्यक्ष रहेको कीर्तिपुर खानेपानी तथा ढल निर्माण उपभोक्ता समिति र शरण महर्जन अध्यक्ष रहेको बालकुमारी खानेपानी तथा ढल निर्माण उपभोक्ता समितिले उक्त कामहरू गरिरहेका हुन् । तत्काले नगाउँमा केयुकेएलले करीव ३५ लाखको काम शुरु गर्न लागेको छ । खानेपानीको डिपिआरमा नपरेको ठाउँ वडा नं. ३ को ढल्पामा संघीय सरकारले करीव रु.४० लाखको बजेटमा कामहरू गरिरहेको छ । डिपिआर मै परेको वडा नं. ९ को छुगाउँदेखि भत्क्यापाटी सम्मको लागि रु. ८० लाख संघीय सरकारको बजेटमा कामहरू अघि बढिरहेको छ । डिपिआर नपरेको ठाउँहरूमा वडा आफैंले पनि खर्च गरी ढल निकासका कामहरू गरिरहेका छन् । खानेपानी तथा सरसफाई डिभिजन ५ भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश ३ भक्तपुरमा थप सम्झौता भई कामहरू अगाडि बढ्ने प्रक्रियामा समेत रहेका छन् । यसरी समग्रमा भन्नु पर्दा कीर्तिपुर नगरपालिकाको वडा नं. ३ र ९ मा करीव ८५ प्रतिशत ढल निकासका कामहरू सम्पन्न भैसेकेका छन् भने बाँकी कामहरू पनि यसै चालु आर्थिक वर्षमा सम्पन्न गर्ने कार्य योजना रहेको वडा नं. ९ का अध्यक्ष गंगाराम महर्जनले बताउनु भएको छ । साथै यसै वर्ष छुगाउँदेखि भत्केपाटीसम्म ढल बिछ्याउने काम हुने भएको छ ।

## सच्याइएको

यस नगर सन्देश साप्ताहिकको गत अंक (अंक ४) को अन्तिम पृष्ठको भलिबल खेलको समाचारमा स्कोर २६-२४, २५-१६ र २६-२४ र प्रतियोगितको म्यान अफ दी म्याचको उपाधि वडा नं. ९ “ख” का मनोज महर्जन हुनु पर्नेमा अन्यथा हुन गएकोले सच्याइएको छ । यसबाट पर्न गएको असुविधाको लागि क्षमाप्रार्थी छु ।

# कीर्तिपुरका घरघरमा स्वास्थ्यकर्मी आउने

कीर्तिपुर नगरपालिकाको मौलिक कार्यक्रम घरघरमा स्थानीय सरकार अन्तर्गत अब हरेक घरघरमा स्वास्थ्य स्वयंसेवकहरू पुग्नेछन् । नगरपालिकाले नगरका जनताहरूलाई प्राथमिक उपचार सेवा घरमै दिलाउने उद्देश्यले सो कार्यक्रम गर्न लागेको हो । यसको लागि कीर्तिपुर नगरभित्रका प्रत्येक महिला समूहका प्रतिनिधिहरूलाई स्वास्थ्य सेवा तालिम दिन लागेको छ । यस तालिम पश्चात महिला समूहका तालिम प्राप्त स्वास्थ्य स्वयंसेवकहरू नगरका घरघरमा गई ब्लड प्रेशर, सुगर जस्ता अत्यावश्यक परीक्षण सेवाहरू प्रदान गरिने छ ।

स्मरण रहोस् घरघरमा स्थानीय सरकार कार्यक्रमअन्तर्गत चालु आर्थिक वर्षदेखि कुनै पनि परिवारमा बच्चा जन्मेको खण्डमा बधाई स्वरुप रु.दुई हजार र कोही निधन भएको खण्डमा उक्त परिवारलाई समवेदना स्वरुप रु. दुई हजार सम्बन्धित वडा मार्फत दिलाउँदै आइरहेको छ ।

# कीर्तिपुरमा सार्वजनिक शौचालय बनाइने



कीर्तिपुर नगरपालिकाले वाटर एड संस्थासँग मिलेर ऐतिहासिक र साँस्कृतिक नगर कीर्तिपुरको जनघनत्वलाई मध्यनजर गर्दै विभिन्न ठाउँहरूमा सार्वजनिक शौचालयहरू बनाउन लागेको छ ।

यस सम्बन्धी मंसिर २७ गते नगरपालिकामा एक छलफल भएको थियो । वाटर एडका प्रतिनिधिहरूसँग कीर्तिपुर नगरपालिकाका कार्यकारी अधिकृत ध्रुवराज आचार्य, वरिष्ठ लेखा अधिकृत सानुबाबु परियार र वरिष्ठ ईन्जिनियर बालकृष्ण महर्जन छलफलमा सहभागी हुनुभएको थियो । वाटर एड संस्थाको करीव २५ लाख सहयोगमा सार्वजनिक शौचालय बनाउने, यसको प्रयोग र निरन्तरताबारे छलफल भएको थियो ।

कीर्तिपुर नगरपालिकाले कीर्तिपुरको नयाँबजार गेटमा र भाजंगलको विष्णुदेवी मन्दिर नजिकै दुईवटा सार्वजनिक शौचालय बनाइरहेको छ भने भाजंगलको शौचालय उपत्यका मै पहिलो निःशुल्क शौचालय हो ।

# लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान टौदहमा सम्पन्न

**एम जुजु**

कीर्तिपुर नगरपालिका, सिविन नेपाल र वर्ल्ड भिजन नेपालको संयुक्त आयोजनामा कीर्तिपुर नगरमा गत मंसिर ९ गतेका दिन देखि शुरु भएको लैगिक हिंसा बिरुद्धको अभियान सँचालनको १६औं दिन पछि कीर्तिपुर नगरपालिका वडा नं ६ स्थित टौदह राष्ट्रिय माध्यमिक विद्यालयको प्राङ्गणमा एक समारोह बिच सम्पन्न भएको छ। अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको अवसर पारेर देशव्यापी रूपमा सञ्चालित उक्त अभियानको शुभारम्भ कीर्तिपुर १० स्थित मंगल मा.वि.को प्राङ्गणमा मंसिर ९ गतेका दिन कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जन तथा उपमेयर सरस्वती खड्काज्यूबाट उद्घाटन भई नगरभरीका विद्यालयहरूलाई लक्षित गरी विविध कार्यक्रम र सडक नाटक आदि संचालन गरी सम्पन्न भएको हो।




कीर्तिपुर नगरपालिका वडा नं ६ का वडाअध्यक्ष न्हुछेबहादुर महर्जनको सभापतित्वमा सञ्चालित उक्त समापन समारोहका प्रमुख अतिथि कीर्तिपुर नगरपालिकाका उपमेयर सरस्वती खड्का हुनुहुन्थ्यो। पानसमा बत्ती प्रज्वलन गरी शुरुभएको उक्त समापन समारोहमा वडा नं ६ स्थित आदिनाथ मा.वि., शुभकामना एकेडेमी र आतिथ्य विद्यालयका प्रधानाध्यापकहरूको उपस्थिति थियो भने सिविन नेपालका प्रतिनिधि तथा मुख्य आकर्षणका रूपमा लैंगिक हिंसामा परेर पनि आफ्नो आँट, साहस र हिम्मत प्रस्तुत गरी सोही क्षेत्रमा कार्यरत ख्याती प्राप्त व्यक्तित्व चरिमाया तामाङ्गको समेत उपस्थिति रहेको थियो।

वडा नं ६ का वडा सदस्य श्री मञ्जु बुढाथोकीको स्वागत मन्तव्यबाट शुरु भएको उक्त समापन समारोहमा चरिमाया तामाङ्गले आफूले जीवनमा भोगेका हिंसाका घटनाहरू, संघर्षका क्षणहरू र अभियानका घटनाक्रमहरू सविस्तार प्रस्तुतगर्दा स्रोताहरू भावुक बनेको देखिन्थ्यो। प्रमुख अतिथि तथा उपमेयर खड्काज्यूले आफ्नो मन्तव्य राख्दै लङ्गिक हिंसा अन्तरगत महिला प्रतिको हिंसा मात्र हैन पुरुष हिंसा र तेस्रो लिङ्गीप्रतिको व्यवहार समेत पर्ने भएकोले सबैले "म हिंसा गर्दिन र सहन्न" भन्ने मूलमन्त्र अंगाली अगाडि बढ्नुपर्ने कुरामा जोड दिनुभयो। सभाको समापन मन्तव्य राख्दै सभापतित्व गरिरहनुभएका वडा नं ६ का वडाअध्यक्ष महर्जनले यो सचेतना कार्यक्रमबाट विद्यार्थीले आफूले सिकेको कुरा घरघरमा पुऱ्याउन सल्लाह दिनुभयो। समापन पछि कलाकार टोलीले प्रस्तुत गरेको नाटक "आवाज"ले सबैको मन र ध्यान तान्न सफल रहेको देखियो। नाटक ज्यादै प्रभावकारी रहेको कुरा दर्शकको अनुहारमा प्रष्ट झल्केको सजिलै अनुमान गर्न सकिन्थ्यो।

## कीर्तिपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## बोलपत्र स्वीकृतिका लागि आशयको सूचना

**प्रकाशित मिति : २०७६/०८/२४**

यस कीर्तिपुर नगरपालिकाबाट तपसिलको योजना संचालनको लागि मिति २०७६/०६/१० गते प्रकाशित सिलवन्दी बोलपत्र आह्वानको सूचना अनुसार तोकिएको समय भित्र रीत पूर्वक दर्ता भएका बोलपत्रहरू मध्ये देहायको बोलपत्रदाताले निम्न वमोजिम सबैभन्दा घटि रकम कवोल गरेकोले न्युनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही उक्त बोलपत्रदाताको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) वमोजिम स्वीकृतीका लागि छनौट भएको हुँदा सोही ऐनको दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ बोलपत्र स्वीकृतिका लागि आशयको सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | ठेक्का नं. | योजनाको नाम | छनौट भएको बोलपत्रदाताको नाम, ठेगाना | न.पा.को ल.ई. रकम (मु.अ.क. वाहेक) | कबोल रकम (मु.अ.क. वाहेक) |
|---|---|---|---|---|---|
| १ | KRM 9/076/077 | नयाँबजारमा पर्यटन सूचना तथा सेवा केन्द्रको भवन निर्माण | रिजेन्सी बिल्डर्स प्रा.लि., गोकर्णेश्वर न.पा. वडा नं. ४ | रु १,०७,७०,२७३।६७ | रु ६६,३२,१७२।७९ |

**कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित र सम्पादित • संयोजक : ज्ञानकुमार महर्जन • मुद्रण : गुरु गणेश अफसेट प्रेस, पांगा, मोबाइल : ९८४१८५०६२८**
**• कार्यालय : कीर्तिपुर नगरपालिका भवन • फोन : ४-३३१३८१, ४-३३१६९३ (दर्ता) • वेबसाइट** : www.kirtipurmun.gov.np
**• ई-मेल** : ict.munkirtipur@gmail.com, info@kirtipurmun.gov.np • **Facebook** : facebook.com/kirtipurmun • **Facebook** : Nagar Sandesh • ई-मेल : nagarsandes@gmail.com